**मिति २०७७/०३/०८ गते नेपालगञ्ज उप-महानगरपालिका नगरकार्यपालिकाको निर्णयहरु :**

**निर्णय नं.१:** यस नेपालगञ्ज उप-महानगरपालिका वडा नं.२ स्थित दैलेखी बंगलामा रहेको टहराहरु भत्काउँदा निस्केको कवाड, ईट्टा लगायतका सामाग्रीहरुको उचित व्यवस्थापन गरीदिनहुन भनि नेपालगञ्ज उप-महानगरपालिका वडा नं. २ कार्यालयबाट अनुरोध भई आए अनुसार सो सम्बन्धमा आवश्यक कानुनी प्रकृया पुरा गरी यथाशिघ्र लिलाम बिक्री गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** **(क)** नेपालगञ्ज उप-महानगरपालिका नगरकार्यपालिकाको मिति २०७७/०२/१९ गतेको निर्णय बमोजिम वडा नं.१ मा रहेको वाटरपार्क निजि क्षेत्रबाट ठेक्कामा सञ्चालन गर्न दिनको लागि मू.अ.क. बाहेक वार्षिक ठेक्का अंक रु.१९,५१,०००।–(अक्षेरुपी उन्नाइस लाख एकाउन्न हजार मात्र) हुने, साथै प्रत्येक वर्ष वार्षिक ठेक्का अंकमा ५ प्रतिशतले बृद्धि हुने तथा ठेक्का अवधि ५ वर्षको हुने गरी ठेक्का सूचना प्रकाशित गर्ने निर्णय भएकोमो **राजश्व परामर्श समितिबाट सिफारिस भए अनुसार** अन्य सबै रकम, शर्तहरु यथावत राखि सो ठेक्काको अवधि १०(दश) वर्ष कायम गरि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**(ख) राजश्व परामर्श समितिबाट सिफारिस भए अनुसार** विश्वब्यापीरुपमा फैलिरहेको कोभिड–१९ को महामारीले देश लकडाउन भै सम्पूर्ण पेशा, व्यवसाय प्राय: ठप्प रहेको अवस्थामा नेपालगञ्ज उप-महानगरपालिका क्षेत्र भित्रका ब्यवसायीहरुले घरधनिलाई बुझाउनुपर्ने भाडा बुझाउन नसक्ने भएको वर्तमान अवस्थामा सबै घरधनिहरुलाई पेशा/व्यवसाय सञ्चालन नभएको यस लकडाउन अवधिभरको घरभाडा नलिनको लागि अनुरोध गर्ने निर्णय गरियो । साथै घरधनिले लकडाउन अवधिमा घरभाडा छुट दिएको भएमा घरधनि र व्यवसायी दुवैको मन्जुरीनामा भएको प्रमाण पेश गरेमा जति अवधिको घरभाडा छुट गरेको हो सो अवधिभरको घरबहाल कर यस उप–महानगरपालिकाबाट नलिने निर्णय गरियो ।

**(ग) राजश्व परामर्श समितिबाट सिफारिस भए अनुसार** कोभिड–१९ को कारणले सबैभन्दा बढि असर परेको क्षेत्रहरु होटल, रेष्टुरेन्ट, लज, सैलुन, ब्यूटीपार्लर तथा क्यासिनोमा परेको असरको अवस्थालाई मध्यनजर गरि नेपाल सरकारले गरेको निर्णय बमोजिम खुल्ने र नखुल्ने ब्यवसायहरु हेरी नखुल्ने ब्यवसाय संचालन गरिरहेका व्यवसायीले व्यवसाय कर २०७७ पौष मसान्त भित्र बुझाएमा आ.व.०७७/०७८ को लागि मात्र लकडाउन अवधिभरको दामासाहीले ब्यवसायकर छुट दिने निर्णय गरियो ।

**(घ) राजश्व परामर्श समितिबाट सिफारिस भए अनुसार** यस नेपालगन्ज उप–महानगरपालिकाको आ.व.०७७/०७८ को आर्थिक ऐन, २०७७ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** बिश्वब्यापि महामारिका रुपमा फैलिएको कोरोना भाईरस **(COVID 19)** को प्रकोपका कारण संक्रामक रोग ऐन, २०२० बमोजिम नेपाल सरकारले मिति २०७६।१२।११ गते देखि देशै भरि लागु हुने गरि गरेको बन्दाबन्दीका (Lock Down) कारण नेपाल सरकार, प्रदेश सरकार तथा यस उपमहानगरपालिकाको समेत आर्थिक गतिविधि संञ्चालन गर्न तथा राजश्व संकलन गर्न समेत नसकि राजश्व अनुमानको न्यून अनुपातमा संकलन तथा प्राप्त भएकाले नेपालगञ्ज उपमहानगरपालिकाको आर्थिक कार्यबिधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन, २०७४ को दफा ७ बमोजिम राजश्व बाँडफाँड र आन्तरिक आम्दानीको वढी व्यय रकम कम गर्नका लागि हालसम्म दायित्व सिर्जना भएका र सम्झौता भैसकेका बाहेकका कार्यक्रमहरु नगरपालिका र वडा कार्यालयहरुले तत्काल रोक्ने र वडा कार्यालयको लागि चौथो त्रैमासिक निकासा अनिवार्य दायित्व वडा कार्यालयबाट भुक्तानी गर्न अपुग भएमा मात्र सम्बन्धित वडा कार्यालयबाट निकासा मागगरि नगरपालिकाबाट निकासा गर्ने निर्णय गरियो ।साथै मिति २०७७/०३/०८ गते देखि आर्थिक दायित्व पर्ने कुनै पनि नयाँ सम्झौता तथा नया पेश्की उपलब्ध नगराउने साथै भुक्तानी भएको पेश्कि आ.ब. को अन्त सम्म फछ्यौंट

गराउने र स्थानिय सरकार संञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम खर्च खाताहरुको रकम आर्थिक बर्षको अन्तसम्म खर्च नभएमा संञ्चित कोषमा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** नेपालगञ्ज उप-महानगरपालिकाको ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ माथि छलफल भई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** **श्री महिला, बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय** मार्फत प्राप्त ज्येष्ठ नागरिक संरक्षण कार्यक्रम अर्न्तगतको **ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र** संचालनका लागि प्राप्त रकम रु.३,००,०००।- (अक्षरुपी तिन लाख) मात्र अनुदान प्राप्त भएको हुँदा नेपालगञ्ज उप-महानगरपालिकाको **ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७** को मापदण्ड भित्र रहेका ज्येष्ठ नागरिक केन्द्रहरु मध्ये अनुदान आवश्यक रहेको तपशिल बमोजिमका ज्येष्ठ नागरिक केन्द्रहरुलाई रु.१,००,०००।- (अक्षरुपी एक लाख) का दरले रकम उपलब्ध गराउने निर्णय गरियो ।

| तपशिल | रकम रु. | श्रोत |
|---|---|---|
| **स्वाबलम्बी ज्येष्ठ नागरिक समाज**, ने.ग.उप.म.न.पा. व.नं.१ धम्बोझी | १०००००।०० | **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट प्राप्त शशर्त अनुदान ।** |
| **ज्येष्ठ नागरिक सेवा समाज**, ने.ग.उप.म.न.पा. व.नं.१३ रामलिलामैदान | १०००००।०० | |
| **ज्येष्ठ नागरिक क्लब**, ने.ग.उप.म.न.पा. व.नं.२ | १०००००।०० | |